# बारम्बार सोधिने प्रश्नहरू

## आवासीय वृद्ध स्याहार (रेसिडेन्सियल एज्ड केयर) केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूका लागि अनिवार्य खोप

## बारम्बार सोधिने प्रश्नहरू

**आवासीय वृद्ध स्याहार केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूले, उनीहरुको कामको आधारमा, १७ सेप्टेम्बर अथवा ३१ अक्टोबर २०२१ भित्र COVID-19 खोपको कम्तिमा एक खुराक (डोज) लगाएको हुनुपर्नेछ।**

## जन स्वास्थ्य आदेशसँग सम्बन्धित

### किन आवासीय वृद्ध स्याहार केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूले COVID-19 खोप लगाएको हुनुपर्नेछ?

अष्ट्रेलियाली सरकारले आवासीय वृद्ध स्याहारको क्षेत्रलाई नियमन गर्दछ। अष्ट्रेलियाली सरकारले यो सुरक्षा उपाय प्रस्ताव गरेको थियो, जसलाई सबै राज्य र टेरिटोरीहरूले राष्ट्रिय क्याबिनेट (National Cabinet) मा मञ्जुरी दिएका थिए। राज्य र टेरिटोरीहरू यस प्रस्तावलाई एक स्थापित प्रक्रिया मार्फत लागू गर्न सहमत भएका थिए – एन.एस.डब्ल्यू. (NSW) मा, यो जन स्वास्थ्य (COVID-19 वृद्ध स्याहार केन्द्रहरू) आदेश २०२१ मार्फत लागू गरिएको छ।

यस विश्वव्यापी महामारीको अवधिभरिनै आवासीय वृद्ध स्याहार केन्द्रहरू अष्ट्रेलियामा र संसारभरि नै विशेषरूपमा जोखिममा छन्। यस महामारी शुरूभएदेखि अष्ट्रेलियाका  आवासीय वृद्ध स्याहार केन्द्रहरूमा ४,५०० भन्दा बढी केसहरू सहित COVID-19 को प्रकोपका २६० भन्दा बढी घटनाहरू घटेका छन्। सन् २०२० मा अष्ट्रेलियामा COVID-19 का कारणले ६८५ जनाको मृत्यु भएको थियो।

सन् २०२१ मा आवासीय वृद्ध स्याहार केन्द्रहरूमा प्रकोपका घटनाहरू घटेको भए तापनि हामीहरूले रेसिडेन्ट (residents) र कर्मचारीहरूले खोप लगाएका केन्द्रहरूमा अगाडिको भन्दा थोरै केसहरू, कम गम्भीर बिमारीहरू र कम मृत्युका घटनाहरू देखिरहेका छौं।

आवासीय वृद्ध स्याहार केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूले हामीमाझ सबैभन्दा जोखिममा रहेका व्यक्तिहरूलाई सुरक्षित राख्नका लागि COVID-19 खोप लगाउनु पर्नेछ। ६० वर्षभन्दा माथिको उमेरका व्यक्तिहरू COVID-19 को कारणले गम्भीर बिमारी हुने, अस्पतालमा भर्ती गर्नुपर्ने र मृत्यु हुने सबैभन्दा बढी जोखिममा छन्।

उपलब्ध खोपहरूमध्ये कुनै पनि एक खोपको एक खुराक लगाउनाले डेल्टा भेरिएन्ट (variant) का कारण हुनसक्ने अस्पताल भर्ती र मृत्यु बाट लगभग ७०% सुरक्षा प्रदान गर्दछ र यसले तपाईंको वरिपरिका मानिसहरूमा COVID-19 सर्नसक्ने सम्भावनालाई उल्लेखनीय रूपमा कम गर्दछ, जुन यदि तपाईं जोखिममा रहेका  मानिसहरूसँग काम गर्नुहुन्छ भने विशेषगरी महत्वपूर्ण हुन्छ। कुनै पनि खोपको दुई खुराकहरू लगाएमा यसले लगभग ९०% सुरक्षा प्रदान गर्छ।

### जन स्वास्थ्य आदेशमा के कस्ता भूमिकाहरू समावेश गरिएका छन् ?

१७ सेप्टेम्बर २०२१ बिहान ९ बजेदेखि आवासीय वृद्ध स्याहार केन्द्रमा काम गर्ने  ठेकेदार र अस्थायी कामदारहरू समेत सबै कर्मचारीहरूले र सो केन्द्रमा सेवा दिने कार्यमा संलग्न विद्यार्थीहरू, रेसिडेन्टले सिधै संलग्न गराएका व्यक्तिहरू तथा मर्मत कार्य गर्ने ठेकेदारहरू बाहेकका कुनै पनि व्यक्तिले आवासीय वृद्ध स्याहार केन्द्रमा प्रवेश गर्न वा बस्न COVID-19 खोपको  कम्तीमा  एक खुराक लगाएको हुनुपर्नेछ ।

यसमा तलका समावेश छन्:

- प्रत्यक्ष स्याहारमा संलग्न कर्मचारी
- सहायक कर्मचारी
- प्रशासनिक कर्मचारी
- सो केन्द्रले खटाएका जीवनशैली र सामाजिक सेवा कर्मचारीहरू जस्तै संगीत/कला थेरापी, हेयरड्रेसरहरू आदि
- सो केन्द्रले खटाएका स्वयंसेवकहरू
- उक्त केन्द्रले खटाएका चिकित्सा तथा स्वास्थ्य पेशाकर्मीहरू

३१ अक्टोबर २०२१ को बिहान ९ बजेबाट सिधै रेसिडेन्टले संलग्न गराएका विद्यार्थी तथा स्वास्थ्य पेशाकर्मीहरूले आवासीय वृद्ध स्याहार केन्द्रमा प्रवेश गर्न वा बस्न COVID-19 खोपको कम्तीमा एक खुराक लगाएको हुनुपर्नेछ ।

यसमा तलका समावेश छन्:

- विद्यार्थीहरू
- रेसिडेन्टले संलग्न गराएका चिकित्सा पेशाकर्मीहरू, जस्तै सामान्य चिकित्सक (General Practitioners) र परामर्श विशेषज्ञहरू (consulting specialists)
- रेसिडेन्टले संलग्न गराएका स्वास्थ्य पेशाकर्मीहरू, जस्तै दन्तचिकित्सक, मानसिक स्वास्थ्य पेशाकर्मी, पोडियाट्रिस्ट (podiatrists) तथा फिजियोथेरापिस्टहरू आदि

**के जन स्वास्थ्य आदेशमा विद्यार्थीहरूलाई समावेश गरिएको छ?**

हो, विद्यार्थीहरूलाई यो जन स्वास्थ्य आदेशमा समावेश गरिएको छ। आवासीय वृद्ध स्याहार केन्द्रमा प्रवेश गर्न वा बस्नका लागि विद्यार्थीहरुले ३१ अक्टोबर २०२१ को बिहान ९ बजेभित्र COVID-19 खोपको कम्तीमा एक खुराक लगाएको हुनुपर्नेछ।

**के जन स्वास्थ्य आदेशमा स्वास्थ्य पेशाकर्मीहरूलाई समावेश गरिएको छ?**

हो, स्वास्थ्य पेशाकर्मीहरूलाई यो जन स्वास्थ्य आदेशमा समावेश गरिएको छ। यदि स्वास्थ्य पेशाकर्मीलाई आवासीय वृद्ध स्याहार केन्द्रद्वारा नियुक्त गरिएको हो भने, उनीहरूले १७ सेप्टेम्बर २०२१ को ९ बजेभित्र COVID-19 खोपको कम्तीमा एक खुराक लगाइसकेको हुनुपर्नेछ। यदि स्वास्थ्य पेशाकर्मीलाई आवासीय वृद्ध स्याहार केन्द्रको रेसिडेन्टद्वारा संलग्न गरिएको हो भने, उनीहरूले ३१ अक्टोबर २०२१ को ९ बजेभित्र COVID-19 खोपको कम्तीमा एक खुराक लगाइसकेको हुनुपर्नेछ। यसमा आकस्मिक सेवा प्रदान गर्ने आवासीय वृद्ध स्याहार केन्द्रमा प्रवेश गर्ने स्वास्थ्यकर्मीहरू पर्दैनन्।

स्वास्थ्य पेशाकर्मीहरूमा चिकित्सक (साधारण चिकित्सक तथा परामर्श विशेषज्ञहरू) का साथै फार्मासिस्ट, दन्तचिकित्सक तथा सम्बद्ध स्वास्थ्य पेशाकर्मीहरू पर्दछन्।

**यो जन स्वास्थ्य आदेशमा कसलाई समावेश गरिएको छैन?**

COVID-19 खोप निश्चित वर्गका कामदारहरू, जस्तै मर्मत ठेकेदारहरू, का लागि अनिवार्य छैन। तर एन.एस.डब्ल्यू. मा १६ वर्ष र सोभन्दा बढी उमेरका सबैलाई उनीहरू स्वयंलाई र उनीहरू वरपरका व्यक्तिहरूलाई सुरक्षित राख्नका लागि खोप लगाउन दृढतापूर्वक प्रोत्साहित गरिन्छ।

यदि तपाईंलाई उक्त केन्द्रले सेवा प्रदान गर्न प्रत्यक्ष नियुक्त गरेको हैन वा तपाईं प्लेसमेंट (placement) को लागि आएको विद्यार्थी हैन वा कुनै रेसिडेन्टले सिधै संलग्न गराएको स्वास्थ्य पेशाकर्मी हैन भने, तपाईं यो जन स्वास्थ्य आदेशमा समावेश हुनुहुन्न। यसमा परिवारका सदस्य र साथीहरू, व्यक्तिगत धार्मिक सेवा दिने व्यक्तिहरू जस्ता मानिसहरू पर्दछन्।

**कस्ता स्वयंसेवकहरूले COVID-19 खोप लगाउन आवश्यक हुन्छ?**

आवासीय वृद्ध स्याहार केन्द्रले नियुक्त गरेका संलग्न स्वयंसेवकहरूले १७ सेप्टेम्बर ९ बजे सम्ममा COVID-19 खोपको कम्तीमा एक खुराक लगाइसकेको हुनुपर्नेछ।

**मैले आवासीय वृद्ध स्याहार कर्मचारीहरूका लागि जन स्वास्थ्य आदेश र COVID-19 खोपसँग सम्बन्धित थप जानकारी कहाँ पाउन सक्छु?**

NSW Health ले सम्बन्धित सेवा प्रदायक तथा कामदारहरूका लागि थप सामग्रीहरूको विकास गरिरहेको छ जुन धेरै भाषाहरूमा उपलब्ध हुनेछ।

अस्ट्रेलियाली सरकार स्वास्थ्य विभाग - आवासीय वृद्ध स्याहार कामदारहरू निकायले आवासीय वृद्ध स्याहार कार्यकर्ताहरूका लागि अनिवार्य COVID-19 खोपको आवश्यकताहरूकाबारे थप जानकारी प्रदान गर्दछ।

**के मैले आफ्नो रोजगारदातालाई COVID-19 खोप लगाएको प्रमाण देखाउनु पर्छ?**

यदि तपाईंको रोजगारदाताले मागेको खण्डमा तपाईंले अनिवार्यरूपमा COVID-19 को खोप लगाएको प्रमाण दिनु पर्दछ।

**मैले COVID-19 खोप लगाएको प्रमाण कसरी पाउन सक्छु?**

COVID-19 खोप लगाएको प्रमाण अस्ट्रेलियन इम्युनाइजेशन रजिस्टर (AIR) बाट बनेको हुनुपर्छ। AIR मा जान तपाईंलाई मेडिकेयर कार्डको आवश्यकता पर्दैन । तपाईंले आफ्नो खोपको इतिहास विवरण अनलाइन प्राप्त गर्न सक्नुहुन्छ वा हुलाकबाट खोपको इतिहास विवरण पठाइदिन AIR लाई फोन गर्न सक्नुहुन्छ।

## छुट

**के चिकित्सकीय आधारहरूमा छुट पाउन सकिन्छ?**

अष्ट्रेलियामा प्रयोगको लागि उपलब्ध COVID-19 खोपहरू प्रति विपरीत चिकीत्सकीय संकेतहरू (contraindication; कन्ट्राइन्डिकेसन) देखिएका व्यक्तिहरूलाई त्यस्ता केन्द्रहरूमा प्रवेश गर्नु अघि खोप लगाएको हुनुपर्ने आवश्यकताबाट छुट दिइएको छ । यसका लागि प्रमुख स्वास्थ्य अधिकारीले स्वीकृत गरेको फाराममा रजिष्टर्ड चिकित्सा पेशाकर्मीले विपरीत चिकीत्सकीय संकेतहरू जनाएको एउटा प्रमाणपत्र उपलब्ध गराउनुपर्छ।

उपलब्ध सबै खोपहरू प्रति विपरीत चिकीत्सकीय संकेतहरू देखिएमा मात्र कुनै व्यक्तिलाई यस्तो छुट दिइनेछ।

कुनै कामदारको चिकित्सा पेशाकर्मीले विपरीत चिकीत्सकीय संकेत फाराम पुरा भर्नु पर्नेछ। कामदारले आफूलाई विपरीत चिकीत्सकीय संकेत देखिएको प्रमाणको रूपमा पुरा भरिएको फाराम देखाउन सक्नुपर्छ।

**के अन्य छुटहरू पनि छन्?**

यो जन स्वास्थ्य आदेश आकस्मिक सेवा प्रदान गर्न त्यस्ता केन्द्रमा उपस्थित स्वास्थ्य पेशाकर्मीलाई लागू हुँदैन, उदाहरणका लागि कुनै प्यारामेडिक (paramedic)।

तथापि, NSW मा १६ वर्ष र सोभन्दा बढी उमेरका सबैलाई सकेसम्म चाँडो खोप लगाउन बढी प्रोत्साहन दिइन्छ।

**म गर्भवती छु र/वा बच्चालाई स्तनपान गराइरहेकी छु – के मेरो लागि पनि केही विचार गरिएको छ?**

गर्भवती महिलाहरू अब Pfizer (Comirnaty) COVID-19 खोप प्राप्त गर्न योग्य छन्।

COVID-19 खोपहरू गर्भधारणको अवधिमा कुनै पनि चरणमा लगाउन सुरक्षित छन् र स्तनपान गराइरहेका मानिसहरूका लागि पनि उपयुक्त छन्।

स्तनपान गराइरहेका वा गर्भधारण गर्ने योजना बनाएका महिलाहरुलाई पनि Pfizer खोप लगाउन सिफारिस गरिन्छ। गर्भवती हुन प्रयत्न गरिरहेका महिलाहरूले खोप लगाउन ढिलाइ गर्न पर्दैन वा खोप लगाएपछि गर्भवती हुने कार्यलाई रोक्नु पर्दैन।

कृपया आफ्नो जी.पी. (GP) वा सम्बन्धित स्वास्थ्य पेशाकर्मीसँग तपाईंको व्यक्तिगत परिस्थितिका बारे र तपाईंले कसरी सकेसम्म चाँडै खोप लगाउन सक्नुहुन्छ भन्ने बारे छलफल गर्नुहोस्।

Pfizer खोपको लागि गर्भवती हुनु र स्तनपान गराउनुलाई विपरीत चिकित्सकीय संकेत मानिदैन र त्यसैले यसकालागि जन स्वास्थ्य आदेश अन्तर्गत छूट प्राप्त छैन।

## COVID-19 खोप

**मैले कहाँ गएर खोप लगाउन सक्छु?**

वृद्ध स्याहारमा कार्यरत कामदारहरूले धरै तरिकाबाट COVID-19 विरुद्ध खोप लगाउन सक्दछन् । सबैभन्दा सरल तरिका कार्यस्थलमा उपलब्ध सेवा प्रदायक वा जी.पी. क्लिनिक मार्फत खोप लगाउनु हो।

आवासीय वृद्ध स्याहार सेवा प्रदायकहरूले आफ्ना जनशक्तिका लागि आफ्नै Pfizer (Comirnaty) COVID-19 खोप क्लिनिकहरू सञ्चालन गर्न सक्छन् वा कार्यस्थलमै जी.पी. द्वारा संचालित क्लिनिकको आयोजना गर्ने बारे आफ्नो प्राथमिक स्वास्थ्य सञ्जालसँग परामर्श लिन सक्छन्। कार्यस्थलमा उपलब्ध खोप क्लिनिककोबारे थाहा पाउन आफ्नो म्यानेजरसँग कुरा गर्नुहोस्।

आवासीय वृद्ध स्याहारका कामदारहरूले जेनरल प्रयाक्टिस (general practice) क्लिनिक, एबोरिजिनल समुदायद्वारा नियन्त्रित स्वास्थ्य सेवा वा कमनवेल्थ खोप क्लिनिक (जी.पी. रेस्पिरेटोरी क्लिनिक) मा गएर Pfizer (Comirnaty) COVID-19 खोप अथवा AstraZeneca (Vaxzeria) COVID-19 खोप लगाउन सक्नेछन्।

कामदारहरूले NSW Health खोप क्लिनिकमा अपोइन्टमेन्ट लिन अथवा वाल्क-इन (walk-in) क्लिनिक वा सहभागी फार्मेसीमा जान पनि सक्छन्।

अपोइन्टमेन्ट बुक गर्न वा तपाईंको नजिकको वाल्क-इन क्लिनिक वा सहभागी फार्मेसी खोज्न NSW Government - तपाईंको COVID-19 खोप लगाउनुहोस् वेबसाइटमा जानुहोस्।

**के COVID-19 खोप लगाउनका लागि कुनै विदाको व्यवस्था छ?**

केही कर्मचारीहरूकालागि COVID-19 विरुद्धको खोप लगाउन अष्ट्रेलियाली सरकार मार्फत सहयोग। थप जानकारीको लागि अष्ट्रेलियाली सरकारी स्वास्थ्य विभागमा जानुहोस्।

**के मैले कार्यस्थलमा खोप लगाउन सक्छु?**

आवासीय वृद्ध स्याहार सेवा प्रदायकहरूको सामान्य चिकित्सक (General Practitioner) तथा फार्मेसीहरूसँग सम्बन्ध हुन्छ। कार्यस्थल वा कर्मचारीहरूको पायकपर्ने स्थानमा कर्मचारीहरूकालागि खोप लगाउने सुविधाका बारे आफ्नो म्यानेजर सँग कुरा गर्नुहोस्।

ग्रेटर सिड्नीका १८ वटा स्थानीय सरकारी क्षेत्रहरूमा इन-रिच (in-reach) क्लिनिक सेवा प्रदान गर्न कमनवेल्थ घुम्ती क्लिनिकहरूलाई फेरी फिर्ता ल्याईंदैछ। तपाईंको म्यानेजरले तपाईंको सेवा केन्द्रमा घुम्ती क्लिनिक फर्कंदैछ कि छैन भन्ने बताउनेछन्।

**के मैले प्राथमिकता सहित COVID-19 खोप लगाउन सक्छु?**

अहिलेसम्म COVID-19 खोपको एक खुराक पनि लगाउन नपाएका वृद्ध स्याहारका कामदारहरूले आफ्नो जी.पी. वा NSW Health खोप क्लिनिकमा अपोइन्टमेन्ट लिनसक्छन् वा वाल्क-इन क्लिनिकमा जान सक्छन्।

अपोइन्टमेन्ट लिन वा तपाईंको नजिकको वाल्क-इन क्लिनिक वा सहभागी फार्मेसी खोज्न NSW Government - तपाईंको COVID-19 खोप लगाउनुहोस् वेबसाइटमा जानुहोस्।

यदि तपाईं आवासीय वृद्ध स्याहार केन्द्रमा काम गर्नुहुन्छ भने, तपाईंले १८०० ०२० ०८० मा राष्ट्रिय कोरोनाभाइरस हेल्पलाइन मा सम्पर्क गर्न सक्नुहुन्छ र प्राथमिकता सहित तपाईंको COVID-19 खोपको लागि बुकिंग गर्नेसम्बन्धि सहायता र सल्लाह प्राप्त गर्न विकल्प ४ चयन गर्नुहोस्।

**COVID-19 खोप लगाएको कस्तो प्रमाण आवश्यक छ?**

आवासीय वृद्ध स्याहार सेवा प्रदायकहरूले सम्बन्धित कामदारहरूबाट खोप लगाएको प्रमाण माग्न सक्छन्।

खोप लगाएको प्रमाण अस्ट्रेलियन इम्युनाइजेशन रजिस्टर (AIR) बाट प्राप्त हुनुपर्छ। AIR मा जान तपाईंलाई मेडिकेयर कार्डको आवश्यकता पर्दैन । तपाईंले आफ्नो खोपको इतिहास विवरण अनलाइन प्राप्त गर्न सक्नुहुन्छ वा हुलाकबाट खोपको इतिहास विवरण पठाइदिन AIR लाई फोन गर्न सक्नुहुन्छ।

**के मसँग मेडिकेयर कार्ड छैन भने म COVID-19 खोप प्राप्त गर्न योग्य छु?**

COVID-19 खोप अष्ट्रेलियामा बस्ने सबैजनाको लागि नि:शुल्क छ । यदि तपाईं आवासीय वृद्ध स्याहार केन्द्रमा काम गर्नुहुन्छ भने तपाईंलाई जी.पी. रेस्पिरेटरी क्लिनिक वा NSW Health खोप क्लिनिकहरूमा गएर खोप लगाउन मेडिकेयर कार्डको आवश्यकता पर्दैन।

अपोइन्टमेन्ट लिन वा तपाईंको नजिकको वाल्क-इन क्लिनिक वा सहभागी फार्मेसी खोज्न NSW Government - तपाईंको COVID-19 खोप लगाउनुहोस् वेबसाइटमा जानुहोस्।

**के मैले कुन COVID-19 खोप लगाउने भनेर चयन गर्न सक्छु?**

वृद्ध स्याहारमा कार्यरत कामदारहरू Pfizer (Comirnaty) COVID-19 खोप प्राप्त गर्न योग्य छन् तर उनीहरूले AstraZeneca (Vaxzevria) COVID-19 खोप चयन गर्न पनि सक्नेछन्।

उपलब्ध खोपहरूमध्ये कुनै पनि एक खोपको एक खुराक लगाउनाले डेल्टा भेरिएन्ट (variant) का कारण हुनसक्ने अस्पताल भर्ती र मृत्यु बाट लगभग ७०% सुरक्षा प्रदान गर्दछ र यसले तपाईंको वरिपरिका मानिसहरूमा COVID-19 सर्नसक्ने सम्भावनालाई उल्लेखनीय रूपमा कम गर्दछ। कुनै पनि खोपको दुई खुराकहरू लगाएमा यसले लगभग ९०% सुरक्षा प्रदान गर्छ, र लामो समयसम्म सुरक्षित राख्नेछ।

थप जानकारीको लागि आफ्नो जी.पी.सँग कुरा गर्नुहोस् वा प्रकोपको वातावरणमा COVID-19 खोपको प्रयोगका बारे ATAGI को विवरण पढ्नुहोस्।

तोकिएको समयसीमा अगाडि Pfizer (Comirnaty) COVID-19 खोप लगाउनका लागि बुकिंग गर्न नपाएको भन्ने कारणलाई कुनै पनि छुटको लागि पर्याप्त आधार मानिने छैन।

**के मैले लकडाउनमा खोप लगाउन सक्छु?**

सक्नुहुन्छ, एन.एस.डब्ल्यू. मा घरमै-बस्ने प्रतिबन्धको बेला पनि COVID-19 खोप लगाउनकालागि जान अनुमति दिइएको छ। यदि तपाईं निकट सम्पर्क (close contact) वा क्याजुअल सम्पर्क (casual contact) हुनुहुन्छ वा तपाईंलाई COVID को कुनै पनि लक्षण देखिएको छ भने खोप लगाउनका लागि घर बाहिर ननिस्कनुहोस्।

**यदि मैले खोप लगाउन अस्वीकार गरें भने के हुन्छ?**

यदि तपाईंले खोप लगाउनुपर्ने आवश्यकता यो लागू हुने मितिमा पूरा गर्नुभएन भने, जन स्वास्थ्य आदेशले तपाईंलाई आवासीय वृद्ध स्याहार केन्द्रमा प्रवेश गर्न वा बस्नबाट बञ्चित गर्नेछ र तपाईंले सो केन्द्रमा कामलाई निरन्तरता दिन सक्नुहुन्न।

सबै कर्मचारीहरूले १७ सेप्टेम्बर २०२१ देखि आवासीय वृद्ध स्याहार केन्द्रहरूमा आफ्नो कामलाई निरन्तरता दिनका लागि COVID-19 खोपको कम्तीमा एक खुराक लगाएको हुनुपर्ने शर्त छ भन्ने कुराप्रति सजग हुनुपर्नेछ।

**यदि मैले समयसीमा भित्र COVID-19 खोपको कम्तीमा एक खुराक नलगाएको भए के हुन्छ?**

जन स्वास्थ्य आदेश लागू भएको मितिदेखि आवश्यकता पूरा नगर्ने कुनै पनि कर्मचारीलाई कार्यस्थलमा प्रवेश गर्न दिइने छैन। यदि तपाईंले खोप लगाउनु पर्ने आवश्यकता पूरा गर्नुभएन र यो लागू हुने मितिसम्ममा तपाईंसँग स्वीकृत विपरीत चिकित्सकीय संकेत प्रमाणपत्र छैन भने, तपाईंले सो सेवामा कामलाई निरन्तरता दिन सक्नुहुन्न।